(क) "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

(ख) "शाही नेपाली जङ्गी अड्डा" भन्ने शब्दहरुको सट्टा "जङ्गी अड्डा" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना २

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० मा संशोधन : शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को ठाउू ठाउूमा रहेका "शाही चितौन राष्ट्रिय निकुञ्ज" भन्ने शब्दहरुको सट्टा "चितवन राष्ट्रिय निकुञ्ज" भन्ने शब्दहरु राखिएका छन् ।

३. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० मा संशोधन : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

४. खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४ मा संशोधन : खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४ को अनुसूची - ७ को खण्ड (२) मा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।